कोहलपूर नगर कार्यपालिकाको कार्यालय

कोहलपुर,बाँके ।

हयुम पाइप खरिद सम्वन्धी दरभाउपत्र आव्हानको सुचना

(प्रथम पटक प्रकाशित मिति : २०७४/१०/२१

उपरोक्त सम्वन्धमा यस कोहलपुर नगरपालिका,कोहलपुर क्षेत्रभित्र आबश्यक पर्ने ह्युम पाइप नगरसभा बाट पारित दर रेट बमोजिमको शिलवन्दी टेण्डर प्रथाद्धारा ठेक्का लगाउनु पर्ने भएकाले ठेक्का संचालन गर्न इच्छुक संस्था वा फर्मले तपशिलमा उल्लेखित मिति र समय भित्र खरिद गरी टेण्डर दर्ता गराउनुहुन सवैको जानकारीका लागी यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

१. टेण्डर फारम प्रथम पटक सूचना प्रकाशित मितिले १५ औं दिनको कार्यालय समय भित्र निवेदन साथ बोलपत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहित पेश गरि खरिद गरिसक्नुपर्नेछ ।

२. ठेक्काको न्युनतम बार्षिक कबोल अंक रु २५,०००।- (पचीस हजार मात्र)कायम हुनेछ । बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत धरौटी बापतको रकम स्वेदशी नागरिक भए ५ प्रतिशतले र विदेशी नागरिक भए १०प्रतिशतले हुने रकम यस कार्यपालिकाको कृषि.बकै, कोहलपुर शाखा को खाता धरौटी नं. ..०७२०५०१०००२३५२१७ मा दाखिला गरेको सक्कलै भौचर,नगदै वा ७५ दिनको म्याद भएको वैक ग्यारेन्टी शिलबन्दी बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

३. दररेट, शर्तहरु पालना गर्ने गरी रितपुर्वक भरी सिलवन्दी गरी टेण्डर फारम १६औं दिनको १२:०० बजेसम्म यस कार्यपालिकामा दर्ता गरिसक्नुपर्ने छ।

४. रितपूर्वक दर्ता हुन आएका बोलपत्र फारमहरु १६औं दिनको २:०० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधीको रहोवरमा यस कार्यालय मा खोलिने छ । प्रतिनिधी उपस्थीत नभए पनि बोलत्र खोल्न बाधा पर्ने छैन ।

५. शिलवन्दी बोलपत्र फारममा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझ्ने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६. बन्द, हड्ताल लगायत का कारणले ठेक्का मा कुनै वाधा आएमा त्यस बापत यस कार्यालयबाट कुनै पनि क्षतिपुर्ती मिनाहा दिईने छैन ।

७. यस सुचना उल्लेख भएका कुराहरु यसै बमोजिम र यसमा उल्लेख नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

८. अन्य कुराहरु सार्बजनीक खरिद ऐन, २०६३ तथा नियमावली २०६४, बमोजीम हुनेछ ।

यस सम्वन्धी अन्य कुनै जानकारी चाहिएमा कार्यालय समय भित्र यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

कोहलपुर नगर कार्यापालिकाको कार्यालय